# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय रौतहटका प्र. जि. अ. श्री धनबहादुर बस्नेत क्रिया बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री चण्डेश्वर पोखरेललाई मिति २०४५।५।२२ देखि का.मु. मुकरर गरेको छ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उप-सचिव)

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४५।४।१७ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, सिभिल एभिएशन अपरेशन तथा इञ्जिनीयरिङ्ग समूह, सिभिल एभिएशन अपरेशन उप-समूह प. सं. नं. पा।हा।वि।०७।१९७, हवाई विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका ए. आई. एस. अफिसर (रा. प. तृतीय श्रेणी) श्री जयाकर वैद्यले आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०४५।२।१३ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

२८८



२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।